लोक सेवा आयोग
# खोटाङ कार्यालय
दिक्तेल

## राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक), शाखा अधिकृत वा सो सरह पदको
## परीक्षा केन्द्र कायम गरिएको सूचना

**सूचना नं. ३८ /०७९-८०, मिति २०७९/११/१५**

लोक सेवा आयोग केन्द्रीय कार्यालयको विज्ञापन नं. १६६९६-१६७०२/०७८-७९ (खुला तथा समावेशी) संयुक्त र एकीकृत, परीक्षा प्रणाली अन्तर्गत रा.प. तृतीय श्रेणी (अप्राविधिक) शाखा अधिकृत वा सो सरह पदको परीक्षा केन्द्र खोटाङ, दिक्तेल राखी दरखास्त स्वीकृत भएका **सम्पूर्ण उम्मेदवारहरु**को पूर्व स्थगित प्रथम चरणको लिखित परीक्षा कार्यक्रम आयोगको मिति २०७९।११।०२ को सूचना नं. ११६१/२०७९-८० बमोजिम नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित) को पालना गरी/गराई निम्न मिति, समय र स्थानमा सञ्चालन हुने गरी तोकिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**परीक्षा सञ्चालन सम्बन्धी कार्यक्रम**

| क्र.सं. | विज्ञापन नं. | सेवा/ समूह | विषय | परीक्षा मिति र समय | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|
| १ | १६६९६-१६७०२ /०७८-७९ (खुला तथा समावेशी) | संयुक्त र एकीकृत परीक्षा | **प्रथम पत्र** प्रशासनिक अभिरुची परीक्षण | २०७९।१२।०४ विहान ११:०० देखि १ घण्टा ३० मिनेट | **श्री सरस्वती मा.वि., खोटाङ, दिक्तेल** |

**द्रष्टव्य १**

क) परीक्षार्थीले आफ्नो प्रवेशपत्रको साथमा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै परिचयपत्र अनिवार्य रुपमा साथै लिई १ घण्टा अगावै परीक्षा भवनमा उपस्थित हुनुपर्ने छ।
ख) तोकिएको परीक्षा केन्द्रबाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराइने छैन।
ग) परीक्षा भवनमा मोबाइल, अन्य इलेक्ट्रोनिक्स डिभाइस र व्याग (झोला) निषेध गरिएको छ।
घ) परीक्षामा कालो मसी भएको कलम/डटपेन मात्रै प्रयोग गर्नुपर्ने छ।
ङ) वस्तुगत बहुवैकल्पिक प्रश्नमा क्याल्कुलेटरको प्रयोग गर्न पाइने छैन।
च) परीक्षार्थीले उत्तरपुस्तिका बुझाई हस्ताक्षर गरी बाहिर जानुपर्ने छ।
छ) आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन।
ज) नेपाल सरकारबाट जारी भएको स्वास्थ्य सम्बन्धी मापदण्ड अनिवार्य रुपमा पालन गर्नुपर्ने छ।

**द्रष्टव्य २**

***संक्रमणको विशेष अवस्थामा आयोगको परीक्षा सञ्चालन (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित) अनुसार परीक्षार्थीले अनिवार्यरुपमा पालना गर्नुपर्ने विषयहरु:***

- परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयमले कम्तिमा मास्क, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको अनिवार्य व्यवस्था गर्नुपर्ने छ।
- परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्ने छ।
- परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्ने छ।
- परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन।
- **परीक्षार्थी आफू कोभिड-१९ को संक्रमणबाट संक्रमित भए-नभएको स्वयम्ले आयोगको वेवसाइटमा रहेको फाराम भरी अनलाइनबाट घोषणा गर्नुपर्ने छ।**
- **कोभिड-१९ बाट संक्रमित परीक्षार्थीहरुका लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले परीक्षा मितिको एक दिन अगावै मोबाइल नम्बर ९८४२८४७००३ र ९८५२८४९२७७ मा सम्पर्क गरी आफ्नो दर्ता नम्बर र नाम थर समेत टिपाउनुपर्ने छ।**

(भगत प्रसाद आचार्य)
नायव सुब्बा

(ध्रुव कुमार राई)
शाखा अधिकृत

फोन नं. ०३६-४२०७५७/०३६-४२०१७७, फ्याक्स नं ०३६-४२०१७७ Website:- www.psc.gov.np
Email:- diktel@psc.gov.np / psc.sagarmatha@gmail.com